रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६ रामग्राम, असार ०८ गते, २०८० साल संख्या ३

**भाग-१**

# रामग्राम क्षेत्र विकास कोष ऐन, २०८०

**सभाबाट स्वीकृत मितिः २०८०/०३/०८**

**प्रस्तावनाः** भगवान गौतम बुद्धको अस्ति धातु रहेको स्थल रामग्राम र आसपासको कोलीय संस्कृतिलाई पुर्नस्थापित गरी बृहत लुम्बिनी विकास योजनालाई समन्वयात्मक ढङ्गबाट अगाडि बढाउँदै भगवान गौतम बुद्धको जन्मभुमि नेपालको पहिचान विश्व सामु विस्तार गर्ने अभिप्रायले रामग्राम क्षेत्रको आर्थिक, सांस्कृतिक र पर्यटकीय विकास को कार्यलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रामग्राम नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "**रामग्राम क्षेत्र विकास कोष ऐन, २०८०**" रहेको छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झिनु पर्नेछ ।

(ख) "सदस्य" भन्नाले समितिको सदस्य सम्झिनु पर्नेछ ।

(ग) "मुख्य मन्त्री" भन्नाले लुम्बिनी प्रदेशको मुख्य मन्त्री सम्झिनु पर्दछ ।

(घ) "नगर प्रमुख" भन्नाले रामग्राम नगरपालिकाको नगर प्रमुख सम्झिनु पर्दछ ।

(ङ) "कोष" भन्नाले दफा ३ अन्तर्गत स्थापना भएको कोष सम्झिनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले रामग्राम क्षेत्र विकास कोषको कार्यालय सम्झिनु पर्दछ ।

(छ) "कर्मचारी" भन्नाले कार्यालयमा कार्यरत कर्मचारी सम्झिनु पर्दछ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झिनु पर्दछ ।

(झ) “समिति” भन्नाले ऐनको दफा ७ बमोजिमको सञ्चालक समिति सम्झिनु पर्दछ ।

(ञ) “सल्लाहकार समिति” भन्नाले ऐनको दफा बमोजिमको सल्लाहकार समिति सम्झिनु पर्दछ ।

(ट) “संरक्षक” भन्नाले ऐनको दफा ५ बमोजिम कोषको संरक्षक सम्झिनु पर्दछ ।

(ठ) “नगरपालिका” भन्नाले रामग्राम नगरपालिका सम्झिनु पर्दछ ।

(ड) “कार्यपालिका” भन्नाले रामग्राम नगरपालिकाको कार्यपालिका सम्झिनु पर्दछ ।

(ढ) “कार्यकारी समिति” भन्नाले ऐनको दफा १२ बमोजिमको समिति सम्झिनु पर्दछ ।

(ण) “योजना” भन्नाले रामग्राम विकास योजना सम्झिनु पर्दछ ।

(त) “योजना अधिकृत” भन्नाले रामग्राम नगरपालिका नगरकार्यपालिकाको योजना अधिकृत सम्झिनु पर्दछ ।

(थ) “लुम्बिनी सर्किट” भन्नाले लुम्बिनी क्षेत्रको बृहत् विकासको अभियानमा आबद्ध भगवान गौतम बुद्धको जन्म र जिवनीसँग सम्बन्धित स्थल तथा पालिकाहरू सम्झिनु पर्दछ ।

(द) “तीन तहको सरकार” भन्नाले संघ, प्रदेश र स्थानीय तह भन्ने सम्झिनु पर्दछ ।

## परिच्छेद – २

**३. कोषको स्थापना :** (१) रामग्राम क्षेत्रको विकासका लागि रकम उपलब्ध गराउने प्रयोजनका लागि रामग्राम विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) यो कोष मुनाफा कमाउने उद्देश्य नभएको संस्था हुनेछ ।

(३) रामग्राम विकास कोषलाई अंग्रेजीमा रामग्राम डेभलपमेन्ट ट्रष्ट भनिनेछ ।

(४) कोषको केन्द्रिय कार्यालय रामग्राम नगरपालिकामा रहनेछ । कोषले आवश्यकता अनुसार अन्य ठाउँमा कोषको कार्यालयको कामको लागि कर्मचारी नियुक्त गर्न सक्नेछ ।

**४. कोष स्वशासित र संगठित संस्था हुने :** (१) कोष अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) कोषको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोषले यस ऐनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, सञ्चय गर्न,

(४) कोषले आफ्नो नामबाट नालिश उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

**५. संरक्षक :** (१) लुम्बिनी प्रदेशको मुख्यमन्त्री कोषको संरक्षक हुनेछ ।

**६. कोषमा रहने रकम :** (१) कोषलाई रामग्राम क्षेत्रको विकास योजनाका लागि विश्वको कुनै पनि संघ संस्था वा व्यक्तिबाट कुनै पनि मुद्रामा आर्थिक सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) नेपाल सरकारले विकास योजनाको निमित्त प्रदान गरेको रकम,

(ख) नेपाल भित्र वा बाहिरका व्यक्ति वा संस्थाहरूले विकास योजनाका निमित्त प्रदान गरेको रकम

(ग) कोषको रकम लगानीबाट प्राप्त ब्याज, लाभांश तथा मुनाफा समेतको रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराएको रकम

(३) रामग्राम क्षेत्रको विकास कार्यलाई सहज तथा दीगो बनाउन तीन तहको सरकारले समय समयमा कोषमा थप रकम उपलब्ध गराउनेछ ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(५) कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (२) वा (२) बमोजिम प्राप्त भएको रकम समितिले तोकेको नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" बर्गको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

## परिच्छेद - ३

## कोष सञ्चालनको समिति सम्बन्धी व्यवस्था

**७. सञ्चालक समितिको गठन :** (१) कोषको उद्देश्य पुरा गर्ने सम्बन्धमा नीति निर्माण गर्न तथा कार्यकारी समितिलाई आवश्यक मार्गदर्शन एवम् निर्देशन दिन र कोषको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कामका लागि कोषको सर्वोच्च निकायको रूपमा एक कोष सञ्चालक समिति रहनेछ ।

समितिको गठन देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) रामग्राम नगरपालिकाको उपप्रमुख | सदस्य |
| (ग) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी | सदस्य |
| (घ) नगरपालिकाको वडा अध्यक्षहरू मध्येबाट कार्यापालिकाले मनोनित गरेको एक महिला सहित दुई जना | सदस्य |
| (ङ) लुम्बिनी सर्किट अन्तर्गतका नगरपालिकाका नगर प्रमुख/उपप्रमुखहरू मध्येबाट एक जना महिला सहित कार्यपालिकाले मनोतित गरेको दुई जना | सदस्य |
| (च) पुरातत्व विभागको प्रतिनिधी एक जना | सदस्य |
| (छ) लुम्बिनी विकास कोषको प्रतिनिधी एक जना | सदस्य |
| (ज) लुम्बिनी गार्डेन फाउन्डेसनको प्रतिनिधी एक जना | सदस्य |
| (झ) स्थानीय गैरसरकारी बौद्ध संस्था र ख्याति प्राप्त विशिष्ट विशेषज्ञहरू मध्येबाट कार्यपालिकाले मनोनित गरेका दुई जना व्यक्ति | सदस्य |
| (ञ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**८. पदावधि :** (१) मनोनित सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरू मनोनयन पुन : हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि अर्को सदस्य मनोनित हुनेछ ।

(३) अध्यक्ष वा सदस्यले राजिनामा गरी स्वीकृत भएमा निजहरू आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) अध्यक्षको राजिनामा समितिको बहुमतको निर्णयबाट र सदस्यको राजिनामा अध्यक्षबाट स्वीकृत हुनेछ । (वा अध्यक्ष र सदस्यको राजिनामा समितिको बहुमतको निर्णयबाट स्वीकृत हुनेछ )

**९. समितिको बैठक र निर्णय :** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउने छ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूहरू मध्येबाट छानि पठाएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ

(५) समितिको बैठकमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ र सदस्य सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

(७) समितिको बैठकमा कुनै विज्ञ वा नेपाल सरकारको कुनै पदाधिकारीलाई आवश्यकता अनुसारको राय सल्लाहका लागि आमन्त्रण गर्न सक्नेछ । तर निजको उपस्थितिलाई बैठकको गणपुरक संख्यामा गणना गरिने छैन ।

(८) सदस्य सचिवले समितिको बैठकको एजेन्डा सहितको सूचना कम्तिमा एक हप्ता अगाडि नै सदस्यहरूलाई दिनु पर्नेछ ।

(९) समितिका अध्यक्ष तथा सदस्यहरूले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम वा तोकिए बमोजिम हुनेछ ।

(११) यस दफामा लेखिए देखि बाहेक बैठकको अन्य कार्यविधी तोकिए बमोजिम हुनेछ ।

(१०.) **समितिको काम कर्तव्य र अधिकार :** (१) यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) रामग्राम विकास योजनालाई प्रभावकारी र दीगो ढङ्गबाट सञ्चालन गर्न आवश्यक नीति तर्जुमा गरी स्वीकृत गर्ने ।

(ख) कोषको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) कोषको पुँजी व्यवस्थापन र खर्च तथा लगानी का आधार (नर्म्स) र मापदण्ड निर्धारण गर्ने ।

(घ) कोषको कार्यालय तथा कर्मचारी व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्ड स्वीकृत गर्ने ।

(ङ) विकास योजना तथा कोषका कियाकलापहरूको अनुगमन गरी विकास योजनाको मितव्ययिता र गुणस्तरीता सुनिश्चित गर्ने ।

(च) नेपाल सरकारको नीति अन्तर्गत रही देश भित्र र बाहिर रहेका सरकारी तथा गैर सरकारी संस्थासँग साझेदारी र सहकार्य गर्ने ।

(छ) रामग्राम क्षेत्रको विकास योजनालाई एकीकृत लुम्बिनी विकास योजनासँग आवद्ध गर्न लुम्बिनी विकास कोषसँग समन्वय र सहकार्य गर्ने ।

(ज) रामग्राम क्षेत्रको पूर्वाधार लगायत विकास सम्बन्धी अध्ययन र अन्वेषण कार्यका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय र नेपाल सरकारको पुरातत्व विभागसँग समन्वय र सहकार्य गर्ने ।

(झ) लुम्बिनी सर्किटका नगरपालिकाहरू र तीनै तहका सरकारहरूसँग समन्वय र सहकार्य गरी आन्तरिक र बाह्य पर्यटक भित्र्याउने, जनचेतनामूलक कार्य गर्ने, होमस्टेको व्यवस्था गर्ने लगायत विकास योजना कार्यान्वयन गर्ने गराउने ।

११. **कोषको कार्य क्षेत्र:** (१) रामग्राम क्षेत्रको विकासका लागि कोषको कार्य क्षेत्र देहाय बमोजिम गर्ने लगायत विकास योजना कार्यान्वयन गर्ने गराउने ।

(क) रामग्राम क्षेत्रको उत्खनन तथा अन्वेषण,

(ख) उत्खनन पश्चातको पुरातात्विक सम्पदाको संरक्षण र प्रदर्शन,

(ग) बिहार, पोखरी तथा बगैंचा सहीत हरित वातावरण निर्माणको पुर्वाधार विकास.

(घ) कार्यालय स्थापना, कर्मचारी व्यवस्थापन तथा पर्यटन सूचना केन्द्र, आवास गृह निर्माण,

(ङ) आध्यात्मिक केन्द्र निर्माण,

(च) लुम्बिनी सर्किट भित्रको समुदायमा होमस्टे विकास,

(छ) परम्परागत सांस्कृतिक जात्रा तथा महोत्सवको आयोजना,

(ज) बौद्ध धर्म र दर्शनमा आधारित शिक्षा, स्वास्थ्य र कृषि सम्बन्धी सम्बन्धी पुर्वाधार विकास,

(झ) प्रचार प्रसार सामग्री विकास र अन्य ।

१२. **कार्यकारी समितिको गठन** : समितिको सामान्य रेखदेख, निर्देशन र नियन्त्रणमा रही कोषको सम्पूर्ण काम कारवाही सञ्चालन गर्नको लागि देहायबमोजिमको एक कार्यकारी समिति रहनेछ :

| | |
|---|---|
| (क) समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) समितिले मनोनित गरेको सम्बन्धित क्षेत्रको विज्ञ एक जना | सदस्य |
| (ग) कार्यपालिकाले मनोनित गरेको स्थानीय बौद्ध संस्कृति तथा दर्शन सम्बन्धी विज्ञ एक जना | सदस्य |
| (घ) कार्यपालिकाले तोकेको महिला सदस्य एक जना व्यक्ति | सदस्य |
| (ङ) योजना अधिकृत | सदस्य सचिव |

१३. **कार्यकारी समितिको बैठक** : (१) अध्यक्षले तोकेको स्थान र समयमा सदस्य सचिवले कार्यकारी समितिको बैठक बोलाउनेछ ।

(२) कार्यकारी समितिको बैठक कम्तिमा एक महिनामा एक पटक बस्नेछ ।

(३) कार्यकारी समितिको बैठकमा उपस्थित सदस्यहरूको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(४) कार्यकारी समितिको बैठकमा कुनै विषयगत विज्ञ वा आवश्यकता अनुसार नेपाल सरकारको कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ । तर निजको उपस्थितिलाई बैठकको गणपुरक संख्यामा गणना गरिने छैन ।

(५) कार्यकारी समितिका अध्यक्ष तथा सदस्यहरूले बैठकमा भाग लिंदा पाउने भत्ता तथा अन्य सुविधाहरू सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।

(६) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार** : (१) ऐनको दफा १० मा उल्लेखित समितिको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्ने, स्वीकृतीका लागि समितिमा पेस गर्ने र समितिको निर्णयहरू कार्यान्वयन गर्ने काम, कर्तव्य र अधिकार कार्यकारी समितिको हुनेछ ।

१५. **सल्लाहकार समितिको गठन** : (१) समिति र कार्यकारी समितिको कार्यमा आवश्यक नीतिगत र व्यवस्थापकीय सहयोग गर्न तथा सल्लाह परामर्श गर्नको लागि लुम्बिनी सर्किटका पालिकाहरूको नगर प्रमुख, सम्बन्धित वडाको वडा अध्यक्ष र सम्बन्धित जिल्ला प्रशासन कार्यालयका प्रतिनिधी रहेको एक सल्लाहकार समिति रहनेछ ।

(२) उपस्थित नगर प्रमुखहरु मध्येबाट ज्येष्ठ नगर प्रमुखले सल्लाहकार समितिको अध्यक्षता गर्नेछ ।

(३) सल्लाहकार समितिको बैठकका कार्यविधि समिति आफैले तय गर्नेछ ।

(४) समिति र कार्यकारी समितिलाई आवश्यक परेको बेला जुनसुकै बेला पनि सल्लाहकार समितिको बैठक बस्न सक्नेछ ।

(५) समिति र कार्यकारी समितिलाई आवश्यक परेको विषयमा सल्लाह र परामर्श दिनु सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार हुनेछ ।

## परिच्छेद - ४

## समितिको कार्यालय र कर्मचारी सम्बन्धी व्यवस्था

**१६. कार्यकारी निर्देशक :** (१) कोषको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ ।

(२) स्थानीय सरकारले कार्यकारी निर्देशकको नियुक्तिका लागि सिफारिस गर्न सम्बन्धित विषयका विज्ञहरू समेत रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले मान्यता प्राप्त शिक्षण समितिबाट कानुन, शिक्षा, व्यवस्थापन र पुरातत्व तथा इतिहास विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सार्वजनिक प्रशासन, शिक्षा व्यवस्थापन र कानुनको क्षेत्रमा कम्तिमा १२ वर्षको अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न तीन जना व्यक्तिको नाम स्थानीय सरकार समक्ष सिफारिस गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नहुँदा सम्म प्रमुख प्रशासकीय अधिकृतले कार्यकारी निर्देशकको कामकाज गर्नेछ ।

(५) कार्यकारी निर्देशकको पदावधि ४ (चार) वर्षको हुनेछ र निजको काम सन्तोषजनक देखिएमा निजलाई अर्को एक कार्यकालको लागि कार्यकारी निर्देशकको पदमा पुनः नियुक्त गर्न सकिनेछ । निज ६५ वर्षको उमेर सम्म सेवामा बहाल हुन सक्नेछन् ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको वा कोषको हित विपरित कुनै काम कारवाही गरेको देखिएमा स्थानीय सरकारको सिफारिसमा समितिले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउन अघि निजलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक सुविधा तथा सेवाका अन्य शर्त स्थानीय सरकारले तोके बमोजिम हुनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै लेखिएको भए तापनि कार्यकारी निर्देशकको नियुक्ती नभएको वा कार्यकारी निर्देशक निलम्बनमा परेको अवस्थामा स्थानीय सरकारले निजामति सेवाको नवौं/दशौं/एघारौं तहको अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ ।

**१७. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :** (१) कार्यकारी निर्देशकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषको नीति तथा कार्यक्रम तयार गरी समिति समक्ष पेस गर्ने

(ख) कोषमा जम्मा भएको रकमको उचित लगानीका क्षेत्रहरू पहिचान गरी समिति समक्ष सिफारिस गर्ने

(ग) कोषको जायजेथा तथा सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्ने,

(घ) समितिमा छलफल हुने प्रस्ताव तयार गर्ने,

(ङ) कोषको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(च) कोषको काम कारवाहीको निरीक्षण तथा अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने.

(छ) समितिबाट भएको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ज) कोषको प्रशासकीय प्रमुखको रूपमा दैनिक प्रशासन सञ्चालन गर्ने,

(झ) समितिबाट निर्देशित तथा प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

**१८. कर्मचारी तथा विज्ञ सम्बन्धी व्यवस्था :** (१) कोषमा आवश्यक संख्यामा कर्मचारीहरू रहने छन् । कर्मचारीहरूको पदपुर्ति गर्नका लागि एक पदपुर्ति समिति रहने छ

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू समितिले तोकेबमोजिम हुनेछन् ।

(३) पदपुर्ति समितिबाट कोषका कर्मचारी नियुक्त नभए सम्मको लागि आवश्यक पर्ने कर्मचारी स्थानीय सरकारले उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकारले आवश्यक संख्यामा कर्मचारी उपलब्ध गराउन नसकेमा पदपुर्ति समितिबाट कोषमा कर्मचारी नियुक्त नभए सम्मका लागि कोषले करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(५) कोषमा आवश्यकता अनुसार पूर्णकालीन र आंशिक समयमा तथा कार्यक्रमगत रूपमा कामकाज गर्ने गरी सम्बन्धित विषयका विज्ञहरू समेत रहने छन् ।

## परिच्छेद - ५

## समन्वय र सहकार्य

१९. **लुम्बिनी सर्किटका पालिकाहरूसँग सहकार्य र समन्वय :** (१) कोपले लुम्बिनी सर्किटका पालिकाहरूसँग सहकार्य र समन्वय गरी शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा वातावरणका क्षेत्रको विकासका सम्भावना पहिचान गर्ने र सोको एकीकृत योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने

२०. **लुम्बिनी विकास कोषसँग सहकार्य र समन्वय :** (१) कोषले लुम्बिनी विकास कोषसँग देहायका क्षेत्रका सहकार्य र समन्वय गर्नेछ :

(क) एकीकृत विकासको योजना बनाई कार्यान्वयन गर्ने,

(ख) अध्ययन अन्वेषण र प्राविधिक सहयोग गर्ने,

(ग) दस्तावेज अध्ययन तथा खोज अनुसन्धान गर्ने,

(घ) पर्यटन सञ्जाल निर्माण र सहजीकरण गर्ने,

(ङ) लुम्बिनी र रामग्राम क्षेत्रबीच पर्यटक भ्रमणको प्याकेज निर्माण गरी कार्यान्वयन गर्ने ।

(च) आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

२१. **लुम्बिनी गार्डेन फाउन्डेसनसँग सहकार्य र समन्वय :** (१) कोषले लुम्बिनी गार्डेन फाउन्डेसनसँग देहायका क्षेत्रमा सहकार्य र समन्वय गर्नेछ :

(क) अध्ययन र अन्वेषण गर्ने,

(ख) लुम्बिनी विकास कोष र अन्य पालिकासँग समन्वय गर्ने,

(ग) देश बाहिर प्रचार प्रसार गर्ने,

(घ) विदेशबाट पर्यटक तथा विकास योजना भित्र्याउन समन्वय गर्ने,

(ङ) रामग्राम र आसपासका पालिकाहरूको आवश्यकता अध्ययन गरी एकीकृत विकासका कार्यहरू सञ्चालन गर्ने ।

(च) आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

२२. **सरकारी निकायसँग सहकार्य :** (१) कोषले स्थानीय सरकारसँग स्रोतको परिचालन, विकास योजना पहिचान, निर्माण, अनुगमन, सहजीकरण र संरक्षणका क्षेत्रमा सहकार्य र समन्वय गर्नेछ ।

(२) कोषले प्रदेश सरकारसँग प्रवेश स्तरीय पर्यटन र सांस्कृतिको प्रवर्द्धन र विकास योजना निर्माण र स्थानीय र संघीय सरकार बीच पुलको कार्य गर्ने गरी सहकार्य र समन्वय गर्नेछ ।

(३) कोषले संघीय सरकारसँग नीतिगत निर्देशन, अन्तराष्ट्रिय सम्बन्ध, सहयोग र विस्तारसँग सम्बन्धित क्षेत्रमा सहकार्य र समन्वय गर्नेछ ।

(४) कोषले उपदफा (३) बमोजिम संघीय सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार पुरातत्व विभाग मार्फत गर्नेछ।

(५) कोषले आफ्नो कार्य सञ्चालनको सिलसिलामा कुनै विदेशी संस्था वा निकायसँग सम्झौदा गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२३. **गैरसरकारी निकायसँग सहकार्य** : (१) कोपले गैर नाफामूलक गैरसरकारी निकायहरूसँग समेत समन्वय र सहकार्य गरी विकास योजनाका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

२४. **पुरातत्व विभागसँग समन्वय** : (१) कोषले दफा २२ को उपदफा (३) बमोजिम संघीय सरकारसँग सम्पर्क राख्दा नेपाल सरकार पुरातत्व विभाग मार्फत गर्नेछ ।

(२) कोषले लुम्बिनी विकास कोष र पुरातत्व विभागको समन्वयमा रामग्राममा पुरातत्व विभागको कार्यालय स्थापना गर्नेछ ।

(३) कोष अन्तर्गत सञ्चालन हुने योजना निर्माण र कार्यान्वयनका क्रियाकलापहरू पुरातत्व विभागको प्राविधिक परामर्श र निर्देशनमा सञ्चालन हुनेछन् ।

## परिच्छेद - ६

## विविध

२५. **कोषमा रहेको रकम लगानी गर्न सक्ने** : (१) कोषमा मौज्दात रहेको रकम कोषको दफा (११) बमोजिम तोकिएको क्षेत्र बाहेक अन्यत्र लगानी गर्न पाइने छैन ।

२६. **परिचय पत्र उपलब्ध गराउने** : (१) कोपले प्रत्येक कर्मचारीलाई कोषको परिचय पत्र उपलब्ध गराउने छ ।

२७. **निर्देशन दिन सक्ने** : (१) कोषको कार्य सम्बन्धमा तीनै तहको सरकारले आवश्यक निर्देशन ।

२८. **मध्यस्थता समिति रहने** : (१) कोषको कार्य सञ्चालनको सिलसिलामा आई पर्ने विवाद तथा व्यवधान स्थानीय स्तरमा समाधान गर्न तथा गुनासो सुनुवाई गर्न नगर उपप्रमुखको अध्यक्षतामा देहाय बमोजिमको एक मध्यस्ता समिति रहने छ :

| | |
|---|---|
| (क) नगर उपप्रमुख | अध्यक्ष |
| (ख) जिल्ला प्रशासनको प्रतिनिधि एक जना व्यक्ति | सदस्य |
| (ग) समितिबाट मनोनित कानून विद एक जना व्यक्ति | सदस्य |
| (घ) लुम्बिनी गार्डेन फाउन्डेसनको प्रतिनिधि एक जना | सदस्य |
| (ङ) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |

२९. **पुनरावेदन गर्न सक्ने** : (१) मध्यस्थता समितिले गरेको निर्णय उपर चित्त नबुझेमा लुम्बिनी उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

३०. **निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्ने** : (१) नगर पालिका, प्रदेश र संघीय मन्त्रालयले कोषको निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

३१. **लेखा तथा लेखा परीक्षण** : (१) कोषको लेखा नेपाल सरकारले अवलम्बन गरेको लेखा प्रणालीले तोकिए बमोजिमको ढाँचामा राखिनछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) कोषले वार्षिक रूपमा लेखा परीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गर्न पर्नेछ ।

**३२. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) कोषले एक आर्थिक वर्ष भरीमा गरेका कामको वार्षिक प्रतिवेदन तयार गरी कार्तिक मसान्त भित्र स्थानीय सरकारमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन कोषले सार्वजनिक गर्नु पर्नेछ ।

**३३. अधिकार प्रत्यायोजन :** (१) समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक र कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३४. नियम तथा विनियम बनाउन सक्ने :** (१) यो ऐनको अधीनमा रही समितिले आवश्यक नियम, विनियम तथा निर्देशिका बनाउन सक्नेछ ।

**३५. कर सम्बन्धी छुट :** (१) कोषको पुँजी, आम्दानी तथा सम्पत्तिमा कुनै किसिमको आयकर, घरजग्गा कर, सवारी साधन कर, ब्याज कर बिक्री कर रजिष्ट्रेशन दस्तुर र भन्सार महसुल लगायत सबै सरकारी तहबाट लगाउने कुनै पनि प्रकारका प्रत्यक्ष वा अप्रत्यक्ष कर दस्तुर र महशुल लगाइने छैन । तर कुनै सेवा वापत लाग्ने शुल्क वा महशुल कोषले बुझाउनेछ ।

**प्रमाणीकरण मितिः २०८०/०३/२१**

**आज्ञाले**
**मान वहादुर खडका**
**प्रमुख प्रशासकीय अधिकृत**